# प्रदेश कृषि विकास अध्यादेश, २०७९

बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

हेटौंडा, नेपाल।

# प्रदेश कृषि विकास अध्यादेश, २०७९

<u>जारी र प्रकाशन मिति</u>

२०७९।०६।३०

सम्वत् २०७९ सालको अध्यादेश नं. ५

<u>**प्रदेश कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश**</u>

**<u>प्रस्तावना</u>**: आधुनिकीकरण, विविधीकरण र व्यावसायिकरण मार्फत कृषि उत्पादन बढाउन र उत्पादकत्व वृद्धि गर्दै रोजगारी सृजना गर्ने र दिगो आर्थिक वृद्धिदर हासिल गर्न, कृषि क्षेत्रमा प्रवाह हुने सेवा, सुविधा, प्रविधि जस्ता कार्यक्रमहरूलाई न्यायोचित, प्रभावकारी र पारदर्शी ढङ्गबाट व्यवस्थापन गर्न र कृषि क्षेत्रको नियमन कार्यलाई सहज, व्यवस्थित र प्रभावकारी ढङ्गबाट व्यवस्थित गर्न वाञ्छनीय भएकोले र हाल प्रदेश सभाको अधिवेशन नभएकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम बागमती प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

## परिच्छेद- १

## <u>प्रारम्भिक</u>

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस अध्यादेशको नाम "प्रदेश कृषि विकास अध्यादेश, २०७९" रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस अध्यादेशमा,-

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(क) "कृषि" भन्नाले बाली, बागवानी, पशुपन्छी, माछा आदि कृषिका सबै उप-क्षेत्रसँग सम्बद्ध उत्पादन, उद्योग एवं व्यवसायहरू समेत जनाउँछ।

(ख) "किसान" भन्नाले कृषिलाई मुख्य पेशा वा व्यवसाय बनाई त्यसबाट नै आफ्नो जीविकोपार्जन गर्ने व्यक्ति सम्झनु पर्छ। सो शब्दले त्यस्तो नागरिकमा आश्रित परिवारका सदस्य वा वर्षको छ महिना वा सो भन्दा बढी अवधि कृषि कार्यमा श्रम गर्ने वा परम्परागत कृषि औजार निर्माण गर्ने व्यक्ति वा त्यस्तो व्यक्तिमा आश्रित परिवारका सदस्य समेतलाई जनाउँछ।

(ग) "कृषि सेवाटेवा" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरूद्वारा विभिन्न बाली, पशुपन्छी तथा मत्स्यजन्य वस्तुको उत्पादन, प्रशोधन तथा बजारीकरणका लागि उपलब्ध गराउने सहयोगलाई सम्झनु पर्छ।

(घ) "लाभग्राही" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका कार्यालयहरूद्वारा उपलब्ध गराइने सुविधा प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, कृषि व्यवसायी सम्झनु पर्छ।

(ङ) "कृषि व्यवसाय" भन्नाले उत्पादन प्रशोधन र बजारीकरणसँग जोडिएर गरिने कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रको जुनसुकै व्यवसायलाई सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस अध्यादेश अन्तर्गत बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(छ) "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ज) “प्रदेश सरकार” भन्नाले बागमती प्रदेश सरकार, मन्त्रिपरिषद्लाई सम्झनु पर्छ।

(झ) “मन्त्रालय” भन्नाले कृषि सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ।

(ञ) “कार्यालय” भन्नाले मन्त्रालय मातहत रहेको बोर्ड, निर्देशनालय, ज्ञान केन्द्र, विज्ञ केन्द्र र फार्म केन्द्रहरू तथा कार्यालयहरू सम्झनु पर्छ।

## परिच्छेद- २

## <u>कृषि व्यवसाय र बजारीकरण सम्बन्धी व्यवस्था</u>

३. **<u>किसान सूचीकरण</u>**ः (१) कृषि पेशामा संलग्न प्रदेश भित्रका किसानहरूको सूचीकरण गरी अभिलेख राखिनेछ।

(२) उपदफा (१) बमोजिमको किसान सूचीकरण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

४. **<u>कृषि व्यवसाय सञ्चालन गर्न सक्ने</u>**ः कुनै पनि व्यक्ति वा संस्थाले प्रदेशभित्र अनुसूची- १ मा उल्लिखित बमोजिमको कृषि व्यवसाय सञ्चालन गर्न सक्नेछ।

५. **<u>व्यवसाय सूचीकृत हुनुपर्ने</u>**ः (१) प्रचलित कानून बमोजिम दर्ता भएका कृषि व्यवसायहरू सम्बन्धित जिल्ला स्थित कार्यालयहरूमा सूचीकृत हुनु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो अध्यादेश प्रारम्भ हुनु अघि प्रदेशभित्र सञ्चालनमा रहेका कृषि व्यवसायहरूको हकमा ६ महिनाको अवधिभित्र सूचीकृत हुनु पर्नेछ।

६. **<u>अनुमति पत्र लिनुपर्ने</u>**ः (१) दफा ५ बमोजिम सूचीकृत भएका कृषि व्यवसाय वा संस्थाले कृषि उपजको खरिद बिक्री गर्न अनुसूची- २ बमोजिमको निकायबाट अनुमति पत्र लिनु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम अनुमति प्राप्त व्यक्ति वा संस्थाले प्रदेशको प्रचलित आर्थिक ऐनले तोके बमोजिम कृषि आय कर तोकिएको निकायमा बुझाउनु पर्नेछ।

७. **<u>अनुमति पत्रको वर्गीकरण, दर्ता दस्तुर र नवीकरणः</u>** (१) दफा ५ बमोजिम प्रदान गरिने  दर्ता र नवीकरण दस्तुर अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) अनुमति पत्रको अवधि एक वर्षको हुनेछ।

(३) उपदफा (२) बमोजिमको अवधि समाप्त भएको मितिले ३५ दिनभित्र सम्बन्धित निकायबाट नवीकरण गर्नु पर्नेछ।

८. **<u>अनुमति पत्र रद्द गर्न सक्नेः</u>** (१) अनुमति पत्र प्राप्त संस्थाले दफा ७ को उपदफा (३) र (४) बमोजिमको अवधिभित्र अनुमति पत्र नवीकरण नगराएमा मन्त्रालयले त्यस्तो अनुमति पत्र रद्द गर्नेछ।

(२) यो अध्यादेश तथा यस अध्यादेश अन्तर्गत बनेको नियम र दफा ६ बमोजिमको अनुमति पत्रमा उल्लिखित शर्त उल्लङ्घन गरेमा त्यस्तो अनुमति पत्र जुनसुकै बखत मन्त्रालयले रद्द गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अनुमति पत्र रद्द गर्दा सफाइको मौका दिनु पर्नेछ।

९. **<u>न्यूनतम समर्थन मूल्य तोक्न सक्नेः</u>** (१) प्रदेश सरकारले प्रदेश भित्र उत्पादन तथा बिक्री वितरण हुने कृषि उपजको न्यूनतम समर्थन मूल्य तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम न्यूनतम समर्थन मूल्य तोकिएको कृषि उपजहरू खरिद बिक्री गर्नु सबैको कर्तव्य हुनेछ।

(३) कृषकद्वारा उत्पादित कृषि उपजहरू बिक्री वितरण हुन नसकेको खण्डमा प्रदेश सरकारले खरिद बिक्री कार्यमा सहजीकरण गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

१०. **मूल्य सूची टाँस गर्नु पर्ने:** विक्रेताले आफूले बिक्री वितरण गर्ने कृषि उपजको मूल्य सूची सहितको विवरण सबैले देख्ने स्थानमा टाँस गर्नु पर्नेछ।

११. **समन्वय**: समग्र कृषि क्षेत्रको दिगो विकासको लागि संघ, अन्य प्रदेश र प्रदेश भित्र रहेका स्थानीय तहहरूसँग मन्त्रालयले आवश्यक समन्वय र सहकार्य गर्न सक्नेछ।

## परिच्छेद- ३

## कृषिमा सेवाटेवा सम्बन्धी व्यवस्था

१२. **कृषिमा सेवाटेवा:** (१) मन्त्रालय वा कार्यालयले कृषि उपजको उत्पादन, प्रशोधन र बजारीकरण लगायत निर्यात प्रवर्धन सहयोग गर्न सेवाटेवा उपलब्ध गराउन सक्नेछ।

(२) सेवाटेवाको प्रकृति, बजेटको सीमा तथा मापदण्ड मुख्यमन्त्रीको स्वीकृति लिई मन्त्रालयले तोके बमोजिम हुनेछ।

१३. **उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रम:** (१) मन्त्रालय र मातहतको निकायबाट कृषि उत्पादनमा आधारित रही प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ।

(२) उत्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको आधार र विधि प्रदेश सरकारले तोके बमोजिम हुनेछ।

## परिच्छेद- ४

## गुणस्तर नियमन र नियन्त्रण

१४. **गुणस्तर कायम गर्नु पर्ने:** (१) मन्त्रालयले कृषि उपजको गुणस्तर कायम गर्न उत्पादन देखि बजारीकरण सम्मको अवधिलाई सूक्ष्म रूपमा निगरानी गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

(२) उपदफा (१) बमोजिम गरिने निगरानीका लागि असल कृषि अभ्यासको प्रोत्साहन, असल पशुपन्छी पालन अभ्यासमा प्रोत्साहन, विषादी अवशेष परीक्षण जस्ता विधि अवलम्बन गर्न सकिनेछ।

(३) बालीनालीको रोग कीरा नियन्त्रणको लागि प्रयोग हुने विषादीको उत्पादन प्रयोग र बजारीकरणको नियमन गरिनेछ।

(४) पशुपन्छीमा प्रयोग हुँदै आएको औषधि सप्लिमेण्ट आदिको गुणस्तर कायम गर्न र दर्ता नियमन कार्यलाई व्यवस्थित गर्न प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

(५) प्रदेशभित्र दानाको परीक्षण गरी दाना उद्योगहरूको दर्ता अनुज्ञापत्र वितरण गर्न र दानाको गुणस्तर सम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने सम्बन्धमा प्रदेश सरकारले आवश्यक व्यवस्था मिलाउनेछ।

## परिच्छेद- ५

## क्षतिपूर्ति सम्बन्धी व्यवस्था

१५. **कोष स्थापना:** (१) विभिन्न प्राकृतिक प्रकोपबाट कृषिमा पुग्न जाने क्षतिलाई उचित सम्बोधन गर्न मन्त्रालय मातहत रहने गरी एक क्षतिपूर्ति कोषको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको क्षतिपूर्ति कोष परिचालन गर्न मन्त्रालयमा देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) राज्यमन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) सचिव, मन्त्रालय -सदस्य

(घ) प्रमुख, कृषि विकास निर्देशनालय - सदस्य

(ङ) निर्देशक, पशुपन्छी तथा मत्स्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश

विकास निर्देशनालय - सदस्य

(च) अधिकृत नवौं/ दशौं, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(छ) उप-सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ज) प्रदेश लेखा नियन्त्रक -सदस्य

(झ) प्रमुख, कृषि योजना महाशाखा -सदस्य-सचिव

(३) उपदफा (१) बमोजिमको कोषको व्यवस्थापन तथा परिचालन एवम् क्षतिपूर्ति प्रदान गर्ने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

१६. **<u>निर्देशक समितिको काम, कर्तव्य र अधिकार:</u>** दफा १५ को उपदफा (२) बमोजिमको निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोष परिचालन सम्बन्धी आर्थिक कार्यविधि तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेशभित्र कृषि क्षेत्रमा हुने सम्भाव्य जोखिम अध्ययन गरी सो को निराकरणका लागि अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(ग) प्राकृतिक प्रकोप, रोग किरा आदिबाट कृषि उपजमा पुग्ने क्षतिको यकिन गरी राहत वितरणको लागि मापदण्ड तयार गरी मन्त्रालय बाट स्वीकृत गराई लागू गर्ने,

(घ) प्राकृतिक प्रकोप एवं अन्य विपदका कारणले प्रदेशभित्रको कृषि क्षेत्रमा सङ्कट उत्पन्न भएमा

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

त्यस्तो क्षेत्रलाई पुनर्स्थापना गर्न कार्यक्रम सहित कोष परिचालन गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) कोष परिचालन र सञ्चालन सम्बन्धी कुनै द्विविधा उत्पन्न भएमा सोको समाधानको लागि सहजीकरण गर्ने,

(च) प्राकृतिक प्रकोप तथा अन्य विपदको समयमा र स्थानमा कृषिसँग सम्बद्ध स्थानीय तह, गैर सरकारी एवं निजी क्षेत्रका निकायहरूसँग समन्वय गर्ने,

(छ) प्रदेश सरकारले तोकेका अन्य आवश्यक कार्य गर्ने।

१७. <u>बीउ पूँजी कोष गठन र परिचालनः</u> (१) किसानलाई पूँजीको उपलब्धताको सुनिश्चित गर्दै कृषि क्षेत्रको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्न मन्त्रालय मातहत रहने गरी एक बीउ पूँजी कोष रहनेछ।

(२) कोषको काम कारबाहीलाई छिटो, छरितो एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि मन्त्रालयले कार्यविधि र मापदण्ड तयार गरी लागू गर्न सक्नेछ।

(३) कोषको व्यवस्थापन तथा सञ्चालन दफा १५ को उपदफा (२) बमोजिमको समितिले गर्नेछ।

(४) कोषको व्यवस्थापन तथा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ६

## <u>प्रदेश खाद्य परिषद्को गठन, काम, कर्तव्य र अधिकार</u>

१८. <u>परिषद्को गठनः</u> (१) नागरिकको खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी अधिकारको संरक्षण, प्रवर्धन तथा परिपूर्ति



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

सम्बन्धी कार्यलाई व्यवस्थित गर्न देहाय बमोजिम प्रदेश खाद्य परिषदको गठन गरिनेछः-

(क) मन्त्री, मन्त्रालय -अध्यक्ष

(ख) राज्यमन्त्री, मन्त्रालय -उपाध्यक्ष

(ग) सदस्य (कृषि सम्बन्धी विषय हेर्ने), प्रदेश नीति तथा योजना आयोग -सदस्य

(घ) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय -सदस्य

(ङ) सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय -सदस्य

(च) सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(छ) सचिव, सामाजिक विकास मन्त्रालय -सदस्य

(ज) सचिव, स्वास्थ्य मन्त्रालय -सदस्य

(झ) सचिव, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय -सदस्य

(ञ) प्रमुख, खाद्य प्रविधि तथा गुण नियन्त्रण, क्षेत्रीय कार्यालय -सदस्य

(ट) प्रतिनिधि, राष्ट्रिय मानव अधिकार आयोग, बागमती प्रदेश -सदस्य

(ठ) प्रतिनिधि, नगरपालिका संघ (बागमती प्रदेश) -सदस्य

(ड) प्रतिनिधि, गाउँपालिका राष्ट्रिय महासंघ (बागमती प्रदेश) -सदस्य

(ढ) प्रतिनिधि, राष्ट्रिय कृषक समूह महासंघ (बागमती प्रदेश) -सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(ण) प्रतिनिधि, गैर सरकारी संस्था महासंघ (बागमती प्रदेश) -सदस्य

(त) प्रतिनिधि, नेपाल रेडक्रस सोसाइटी (बागमती प्रदेश) -सदस्य

(थ) अध्यक्ष, नेपाल पत्रकार महासंघ, बागमती प्रदेश -सदस्य

(द) नेपाल उद्योग वाणिज्य महासंघ बागमती प्रदेश -सदस्य

(ध) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुताको क्षेत्रमा कार्यरत एक महिला सहित मन्त्रालयले तोकेको नागरिक समाजका प्रतिनिधि २ जना -सदस्य

(न) सचिव, कृषि तथा पशुपन्छी विकास मन्त्रालय -सदस्य-सचिव

(२) उपदफा (१) को खण्ड (ध) बमोजिमका मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

१९. <u>**परिषद्को काम, कर्तव्य र अधिकारः**</u> दफा १६ बमोजिम गठन भएको खाद्य परिषदको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने सम्बन्धमा आवश्यक नीति, रणनीति, नियम तथा कार्य योजना तर्जुमा गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ख) प्रदेश सरकारबाट स्वीकृत नीतिको अधीनमा रही अल्पकालीन, मध्यकालीन र दीर्घकालीन योजना

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(ग) प्रदेशभित्र खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका व्यक्ति, परिवार, समुदाय र क्षेत्रको पहिचान गरी एकीकृत र अद्यावधिक अभिलेख राख्ने,

(घ) प्राकृतिक प्रकोप एवं अन्य विपद्का कारणले प्रदेशभित्रको कुनै क्षेत्रमा खाद्य सङ्कट उत्पन्न भएमा त्यस्तो क्षेत्रलाई निश्चित अवधिका लागि नेपाल सरकारबाट खाद्य सङ्कटग्रस्त क्षेत्र घोषणा गर्न प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(ङ) खाद्य सङ्कटग्रस्त क्षेत्रमा आवश्यक पर्ने खाद्य तथा पोषण सुरक्षाको प्रबन्ध सम्बन्धी व्यवस्था गर्ने,

(च) विपदको समयमा प्रभावित व्यक्ति र परिवार एवं खाद्य तथा पोषण असुरक्षाको जोखिममा रहेका अन्य समुदाय र क्षेत्रमा प्रदान गरिने खाद्य सहायता सम्बन्धी मापदण्ड तयार गरी स्वीकृतिको लागि प्रदेश सरकार समक्ष सिफारिस गर्ने,

(छ) प्रदेशस्तरमा आपत्कालिन खाद्य तथा पोषण सहायता उपलब्ध गराउन खाद्य भण्डारण सुविधाको स्थापना तथा विस्तार गरी खाद्यको सञ्चिति, सञ्चित खाद्यको वितरण प्रणालीको व्यवस्था मिलाउने,

(ज) प्राकृतिक प्रकोप तथा अन्य विपद्को समयमा र स्थानमा खाद्य तथा पोषण सुरक्षा सम्बद्ध सरकारी, गैर सरकारी एवं निजी क्षेत्रका निकायहरूमा उपलब्ध साधन, स्रोत र जनशक्तिको समन्वयात्मक परिचालन सम्बन्धी कार्य योजना बनाई लागू गर्ने,

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

(झ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धमा सङ्घीय तहको राष्ट्रिय खाद्य परिषद् र स्थानीय तहको स्थानीय खाद्य समन्वय समितिहरूसँग समन्वय, सहकार्य र आवश्यकता अनुसार सहजीकरण गर्ने,

(ञ) प्रदेशको खाद्य तथा पोषण सुरक्षा सम्बन्धमा आवश्यक अध्ययन, अनुसन्धान गर्ने वा गराउने,

(ट) खाद्य अधिकार तथा खाद्य सम्प्रभुता अधिकारको सुनिश्चितताको नियमित अनुगमन गर्ने तथा सो सम्बन्धी नीति, योजना तथा कार्यक्रम कार्यान्वयनको प्रगति मापन गर्ने,

(ठ) प्रदेशको समग्र खाद्य तथा पोषण सुरक्षा सुनिश्चितता सम्बन्धी विषयमा प्रदेश सरकारलाई राय सुझाव दिने,

(ड) प्रदेश सरकारले तोकेका अन्य आवश्यक कार्य गर्ने।

२०. **<u>प्रदेश खाद्य सूचना केन्द्र स्थापनाः</u>** (१) खाद्य अधिकार, खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता सम्बन्धी सूचना सङ्कलन तथा विश्लेषण गर्न सूचना प्रवाहलाई प्रभावकारी बनाउन मन्त्रालयमा एक प्रदेश खाद्य सूचना केन्द्र रहनेछ।

(२) उपदफा (१) बमोजिम स्थापना भएको प्रदेश खाद्य सूचना केन्द्रको गठन, काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२१. **जिल्ला खाद्य सुरक्षा समितिको गठनः** (१) परिषद्को काम कारबाहीलाई छिटो, छरितो एवं प्रभावकारी रूपमा सञ्चालन गर्नका लागि जिल्लास्तरमा एक जिल्ला खाद्य सुरक्षा समिति रहनेछ।

(२) जिल्ला खाद्य सुरक्षा समितिको गठन, काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद- ७

## विविध

२२. **एकद्वार प्रणालीः** (१) प्रदेशभित्र कार्यक्षेत्र रहेका गैर सरकारी संस्थाहरूले कृषि व्यवसाय र बजारीकरण सम्बन्धी कार्य गर्दा मन्त्रालयको स्वीकृती लिएर मात्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्दा एकद्वार प्रणाली अवलम्बन गरिनेछ।

२३. **सजायः** (१) दफा १२ र १३ बमोजिम मन्त्रालय वा मातहतको कार्यालयबाट प्रदान गरिने सेवाटेवा रकम जुन प्रयोजनको लागि प्रदान गरिएको हो, सोही बमोजिम खर्च नगरेमा वा त्यस्तो रकम जुनसुकै तरिकाले दुरुपयोग गरेमा बिगो बमोजिमको जरिबाना र सोही बमोजिमको रकम असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको जरिबाना गर्नु अघि आरोपित व्यक्तिलाई सफाइको लागि मनासिब माफिकको मौका दिनु पर्नेछ।

(३) लाभग्राहीले उपदफा (१) बमोजिमको जरिबाना रकम नतिरेमा सरकारी बाँकी रकम सरह असुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको जरिबाना भएको अवस्थामा त्यस्तो लाभग्राहीलाई पाँच वर्षसम्म सेवाटेवा उपलब्ध गराइने छैन।

(५) उपदफा (१) बमोजिमको जरिबाना सम्बन्धित कार्यालयको प्रमुखले गर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

२४. **रोक्का राखेः** सेवाटेवा लिने लाभग्राहीले सेवाटेवाको रकम दुरुपयोग गरेमा दफा २३ को उपदफा (१) बमोजिमको रकम असुल उपर गर्ने प्रयोजनका लागि निजको कारोबार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउन सक्नेछ।

२५. **पुनरावेदन गर्न सक्नेः** दफा २३ बमोजिमको जरिबाना गर्ने अधिकारीले गरेको जरिबाना लाभग्राहीलाई चित्त नबुझेमा मन्त्रालयको सचिव समक्ष पुनरावेदन गर्न सकिनेछ।

२६. **प्रदेश कृषि परिषद्ः** कृषि प्राविधिकहरूलाई नियमन गर्नको लागि प्रदेश कृषि परिषद्को स्थापना गरिनेछ। यसको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

२७. **अनुगमन गर्नेः** मन्त्रालयबाट भएको काम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट र कार्यालयबाट सञ्चालित कामको अनुगमन मन्त्रालयबाट गरिनेछ।

२८. **अनुसूची हेरफेरः** प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी अनुसूची हेरफेर तथा थपघट गर्न सक्नेछ।

२९. **नियम बनाउने अधिकारः** यस अध्यादेशको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

३०. **मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेः** यो अध्यादेश वा यस अध्यादेश अन्तर्गत बनेको नियमको अधीनमा रही मन्त्रालयले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार मापदण्ड निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- १

## (दफा ४ सँग सम्बन्धित)

## <u>सञ्चालन गर्न सकिने कृषि व्यवसायहरू</u>

१. खाद्यान्न बाली

२. बागवानी जन्यः फलफूल, तरकारी, कन्दमूल, मसला बाली, पुष्प

३. पशुपन्छी तथा मत्स्य

४. माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन

५. च्याउ

६. मौरी, रेशम

७. चिया, कफि, अलैची, सुपारी, घासेबाली

८. तेलहन, दलहन

९. कपास, जुट, उखु, रबर खेती

१०. कृषि पर्यटन

११. कृषि तथा पशुपन्छीजन्य उत्पादनको प्रशोधन उद्योग

१२. कृषि तथा पशुपन्छीजन्य उत्पादन सामग्री (दाना, मल खाद, विषादी, औषधि) आदिको उत्पादन उद्योग

१३. खेती प्रणालीमा समाविष्ट कृषि तथा पशुपन्छीजन्य वस्तुहरू

१४. कानूनले निषेध गरेको बाहेकको अन्य कृषि व्यवसाय

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- २

### (दफा ६ सँग सम्बन्धित)

### कृषि व्यवसाय वा संस्थाले अनुमति पत्र लिनु पर्ने निकायहरू

| सि.नं. | कार्यक्षेत्र | अनुमति दिने निकाय |
|---|---|---|
| १. | एक जिल्लामा मात्र भएमा | सम्बन्धित जिल्ला कार्यक्षेत्र भएका ज्ञान केन्द्र वा विज्ञ केन्द्र |
| २. | एक जिल्ला भन्दा बढी भएमा | निर्देशनालय |
| ३. | प्रदेशभर भएमा | मन्त्रालय |

आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश

## अनुसूची- ३

### (दफा ७ सँग सम्बन्धित)

### सञ्चालन गर्न सकिने कृषि व्यवसायहरूको दर्ता दस्तुर र नवीकरण

| क्र.सं | वार्षिक कारोबार (मेट्रिक टन) | वार्षिक दस्तुर र नवीकरण (रु.) | नवीकरण (म्याद नाघेको ३५ दिन पछि) जरिबाना |
|---|---|---|---|
| १. | १००० वा सो भन्दा कम | २००० | ५०० |
| २. | १००० भन्दा बढी | ४००० | १००० |

**द्रष्टव्यः**

माथि अनुसूची-३ मा जुनसुकै कुरा लेखिएको भएको भए तापनि सञ्चालन गरिने कृषि व्यवसायहरूको वार्षिक कारोबार मेट्रिक टनमा गणना गर्न नसकिने अवस्था रहेकोमा त्यस्तो कृषि व्यवसायको हकमा वार्षिक दर्ता दस्तुर तथा नवीकरण रु. २००० र नवीकरण गर्दा म्याद नाघेको ३५ दिनपछि रु.५०० जरिबाना लाग्नेछ।

संघीय मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश